# वन बारी, वारि र पारि

✍ डा. कृष्ण प्रसाद पौडेल[1]

आधुनिक विकासले कृषि र वन क्षेत्रको सम्बन्धविच्छेद गराएको छ । एकल र सफा खेतीका नाममा आधुनिक कृषि विज्ञान तथा खेती र वन जोड्ने समुदायमा आधारित वनपाखालाई वन विज्ञानको छुट्टा-छुट्टै कन्तुरमा राखिएको छ । भूमि र जलस्रोत व्यवस्थापन समेत कृषि र वनको एकीकृत प्रणालीभित्र अटाउनुपर्ने हो । तर मन्त्रालय बाँडफाँड मिलाउन भन्दै किसानका गोठ र बारीसमेत छुट्याइएको छ । यस्तो विच्छेदले उत्पादन र उत्पादकत्व गुम्दै गएको छ । यसको प्रकृति र समाजमा बृहत् प्रभाव परको छ । हाम्रो खाद्य प्रणाली, आम्दानी, रोजगारी र पर्यावरण निरन्तर खस्किदो छ । नेपालमा खेतीपाती र वनपाखा छुट्याउने काम विकासेको वैज्ञानिक वैधताको आडमा तय अघोषित रणनीतिमा आधारित थियो । यो पश्चिमेली मूलप्रवाहमा रहेको समाज र प्रकतिको अन्तर-सम्बन्धलाई हेर्ने विकासे दृष्टिकोणमा आधारित छ । त्यसैले विकासका नाममा कृषि र वनस्रोत (जलस्रोतसमेत) जोडिन नदिन छुट्टा-छुट्टै नीति, संस्थागत संरचना र जैविक तथा भौगोलिक सिमानाका पर्खाल बनाइए ।

## खेती वन अन्तर-सम्बन्ध

संसारभरिका आदिवासीसँगै नेपालीले पुस्तौं- पुस्तादेखि खेती र वनलाई एकीकृत प्रणालीका रूपमा सञ्चालन गरिआएका थिए । आफ्नो उपभोग तथा गाईवस्तुको खानाका लागि बहुउपयोगी रूख र जडीबुटी खेत बारीमा लगाउँथे । बहुवर्षे रूखहरू बालीनालीको पोषण तथा खनिज चक्र, जैविक विविधता संरक्षण, भूसंरक्षण र हावामा कार्बन डाइ-अक्साइड घटाउन उपयोगी हुन्छन् । नेपालमा कृषि वनले ग्रामीण समुदायलाई चाहिने ऊर्जाको ९० प्रतिशत र ५० प्रतिशत घाँसपात आपूर्ति गर्छ । कतिपय ठाउँमा वन, खाली जमिन र कृषिवन छुट्याउन समेत सकिँदैन । नेपाली ग्रामीण समाज परम्परागत कृषि वनसँग निर्भर छ । गाईभैंसीका लागि घाँस, सोत्तर, र त्यसैबाट प्राप्त हुने जोताई, गोबर र गहुँत खेतीका लागि चाहिने मुख्य स्रोत हुन् । कूल गार्हस्थ उत्पादनमा कृषि र वनको २७ प्रतिशत योगदान छ । एक तिहाइ नेपालीका लागि जीवन निर्वाहको मूल आधार कृषि र वन हुन् तर यो निरन्तर घट्दो छ । ग्रामीण भेगमा वस्तुभाउ, खेती र वन छुट्याउने कुरा अव्यावहारिक छ । वन र कृषि प्रशासन एवम् प्राविधिकको ध्यान भने कृषि र वन छुट्याउनेमै छ । छुट्टयाउनै नहुने मन्त्रालय टुक्र्याएर बेला-बेलामा तमासा देखाइन्छ । उनीहरूको वृत्तिविकासमा जोडेरभन्दा फुटाएर छिटो हुन्छ । एकातर्फ हरित क्रान्तिमा आधारित कृषिले माटाको उर्वरता नाश गर्दैछ । अर्कोतर्फ काठ र जडीबुटीको व्यापार गरी आम्दानी बढाउने भन्दै उर्वरताको मुख्य स्रोत वनक्षेत्र मासिने क्रम तीव्र छ । सरकारी तथ्याङ्कले देखाउने वनक्षेत्रको वृद्धि क्षेत्रफलमा मात्र हो । अहिले रूखको खेती मात्र भएको छ । जैविक विविधता निरन्तर घटिरहेको छ । यी कुरा बेवास्ता गर्दै आ-आफ्नै ढर्राका दीर्घकालीन रणनीति र योजना बनाउने काम भने निरन्तर चलिरहेको छ ।

## सम्बन्धविच्छेद शृङ्खला

वन विनाशमा स्थानीय समुदायको दोष देखाइयो । स्थानीय आवश्यकता परिपूर्ति र बृहत् वातावरण संरक्षणका लागि भन्दै परम्परागत समुदायमा आधारित कृषि वनलाई विस्थापित गरी सामुदायिक वनका रूपमा अगाडि सारियो । सुरुका वर्षहरूमा विभिन्न पुच्छर

[1] लेखक फरेष्टएक्सन नेपालमा आवद्ध हुनुहुन्छ ।

झुन्ड्याएर सामाजिक वन, खेती वन, ग्रामीण वन भनेर कृषि वनकै एउटा पाटोका रूपमा अर्थ्याइयो। सामाजिक वनको बृहत् छाताभित्र अर्थ्याइएका यिनका परिभाषा र मानकको प्रयोग भने आफू खुसी परियोजना सञ्चालनका सीमित स्वार्थमा मात्र निहित थिए। सन् ६० को दशकको वनको राष्ट्रियकरण र हरित क्रान्ति कृषि यो सम्बन्धविच्छेदको सुरुवात थियो। हुन त राणाकालमै गरिएको खेतीयोग्य जमिनको वर्गीकरणले यसको आधार तयार पारेको थियो। समानान्तर रूपमा बनाइएका तराईको वन व्यवस्थापन तथा संरक्षण योजना र योजनाबद्ध पुनर्बास कार्यक्रमले विभाजनको गति बढायो। सहरी बसोबासका लागि चाहिने काठ, बिजुलीका खम्बा र अन्य वन पैदावार साथै सहरी जनसङ्ख्यालाई खानेकुरा आपूर्ति गर्न खेतीयोग्य जमिन विस्तारले यो विभाजनलाई स्थायी रूप दियो। पञ्चायत वनका रूपमा पहिले राष्ट्रियकरण गरिएका वनक्षेत्र व्यवस्थापनमा स्थानीय जनपरिचालन गर्ने भन्दै स्थानीय ठालुहरूलाई हस्तान्तरण गरियो। यसले वनमा आश्रित समुदाय र साना किसानको अधिकार र स्वामित्व हटायो। यति हुँदाहुँदै पनि वन पाखा जोगाउन किसान अहोरात्र खटे। तर यी किसानलाई सघाउने भन्दै सामुदायिक वन विकासका नाममा बेरोजगार (अ) गैसस र स्थानीय ठालुको सहयोगमा दाताका परियोजना सञ्चालन भइरहे। भौगोलिक क्षेत्र विभाजन गरी सञ्चालन गरिएका यस्ता दर्जनौं परियोजना चार दशकभन्दा बढी सञ्चालन भए। खर्बौं रुपैयाको खोलो बग्यो। यसबाट वन पाखा हरिया देखिएका छन्, तर जैविक विविधता, जीविकोपार्जन र वातावरण विनाश जस्ता सवालमा के कस्ता उपलब्धि भए, स्वतन्त्र र आलोचनात्मक समीक्षा भएको छैन। यस्तो हस्तक्षेप पुष्टि गर्न वन र वातावरण ह्रासको मुख्य दोष वस्तुभाउ, वन विनाश र जनसङ्ख्याको चापलाई दिइयो। यस्तो दोष स्थलगत अध्ययन र विश्लेषणमा आधारित थिएन। यो विकास, वातावरण र जनसङ्ख्यामा भएको परिवर्तनबारे पश्चिमेली बुझाइ र यसको प्रभावबाट तरङ्गित विश्वव्यापी लहरमा आधारित थियो। 'तत्काल केही नगरे सन् २००० मा नेपाल मरुभूमि भइसक्छ भन्थे। हुन त सामुदायिक वन नभएको भए उनीहरूले भनेकै पो पुग्थ्यो कि भन्ने पनि छन्। अर्कोतिर आम मानिसको खाद्य सुरक्षा मुख्य चासो थियो। निर्वाहमुखी कृषिले पर्याप्त उत्पादन गर्न नसकेको हुनाले व्यावसायिकीकरण गर्नुपर्ने तर्क अगाडि सारियो। यो तर्कले कृषि उपजमा व्यापार गरी नाफा कमाउने सोच पालेका जमातमा बेच्नका लागि कृषि उपज भन्ने सामाजिक मनोविज्ञान मात्र स्थापित भयो। अहिले पनि बजार छैन भन्दै एकमुठा साग र एकबोट फलफूल नलगाउने जमात ठूलो छ। यो त्यसैको प्रभाव हो। व्यापारिक कृषिको उदयसँगै तराई क्षेत्रमा हरित क्रान्ति कृषि विस्तार गरियो। खेती विस्तारसँगै नपुङ्सक बिउ, रसायन, विषादीका भरमा एकल खेती सुरु गरियो। जुन तराईको मूलप्रवाहको कृषि प्रणाली भएको छ। छुट्टा-छुट्टै दीर्घकालीन रणनीति र योजना यो सम्बन्धविच्छेदका प्रमाण हुन्। नेपालमा पर्यावरणीय कृषिको बलियो सम्भावना भए पनि यो विषय कृषि र वन दुबैको प्राथमिकतामा परेन। एकलबाली र सफाखेती अनि विघटनवादी जैविक विविधता संरक्षणको सोचले पर्यावरणीय कृषिलाई सबै पक्षबाट ओझेलमा पार्दै लग्यो। यसको प्रभाव कृषि क्षेत्रमा व्यापक पर्‍यो। तराईका धेरैजसो ठाउँमा ३५ वर्ष मुनिका किसानले वर्णशङ्कर बिउ, रसायन र विषादी बिनाको खेतीबारे विचार गर्न सक्दैनन्। उनीहरूले गोठमल, कम्पोस्ट र स्थानीय उपायबाट रोग किरा नियन्त्रण हुने खेती प्रणालीबारे बुझ्नै पाएनन्। कृषि र वनको पुनर्एकीकरण जलवायु जोखिम र विषाक्त खाने कुराले तहस-नहस हाम्रो खाद्य प्रणाली सुधार्ने अहिले उपयुक्त समय हो। कृषि जमिन माथिको प्रतिस्पर्धा र जलवायुको जोखिम रोक्ने एउटै मात्र विकल्प पर्यावरणीय कृषि हो। तर यसलाई बुझ्ने 'कृषि-वन'को साँघुरो प्राविधिक घेरा नतोडी यो सम्भव छैन। कृषि र वनलाई प्रकृतिको साझा अङ्गका रूपमा एकीकृत ढङ्गले हेर्न नसकेसम्म खाद्य सुरक्षा, स्थानीय जीविका, जलवायु परिवर्तनको समस्या समाधान गर्न सकिँदैन। यो काम सामुदायिक वनलाई कृषि उपज समेत प्रवर्द्धन गर्ने कृषि-वन क्षेत्रका रूपमा रूपान्तरण गरेर मात्र

गर्न सकिन्छ। यसो गर्दा मुख्यतः कम लागत तथा श्रममा खाना, वन्य उत्पादन र वातावरणीय सेवा सँगसँगै उपलब्ध गराउन सकिन्छ। खाद्य सुरक्षा र जलवायु परिवर्तन जस्ता अजङ्गका सवालका कारण वन तथा कृषिका परम्परागत धारणामा व्यापक परिमार्जन गर्न दबाब बढिरहेको छ। यसर्थ कृषि-वन प्रणालीलाई पर्यावरणीय कृषिको मर्मले जोड्ने राम्रो मौका आएको छ। कृषि र वन जोड्न, उत्पादनशीलता र दिगोपना बढाउन र स्रोतको न्यायोचित वितरण गर्न तत्पर हुनुपर्छ। बाझिएका नीति फेर्ने, उपयुक्त संरचना बनाउने र मानवीय क्षमता बढाउने काम तत्कालै गर्न आवश्यक छ। आ-आफ्नै सुर, ताल र दिशामा हिँडाइएका कृषि र वनका प्रणालीलाई एकीकृत गर्नु चानचुने होइन। मुख्यतः यी प्रतिका समानान्तर र साँघुरो दृष्टिकोण नफेरी बढ्न सकिँदैन। कृषिलाई जैविक विविधता संरक्षण, माटोको उर्वरता वृद्धि र कम लगानीको उत्पादन प्रणालीको आँखीझ्यालबाट हेरिनुपर्छ। वनलाई खाद्य सुरक्षा, जलवायु परिवर्तन सम्बोधन र उर्वरता प्रदायक प्राकृतिक प्रणालीको चक्रका रूपमा ढोकैबाट हेर्न सक्नुपर्छ। यी दुबै काम सँगसँगै गर्न सकिने एकीकृत प्रणाली निर्माण भविष्यका लागि खाद्य सुरक्षा वृद्धि र कृषि तथा प्राकृतिक स्रोत संरक्षणको प्रस्थान बिन्दु हो।